# सामान्य फोहोर संकलन (हप्तामा २ पटक)

• बार

ओसाका शहर वेबसाइट
नियमित फोहोर सङ्कलन

सबैभन्दा ठूलो लम्बाइ वा व्यास ३० सेमीभन्दा कम भएका वस्तुहरू, अथवा लठ्ठीजस्ता १ मिटरभन्दा कम भएका वस्तुहरू, जुन पुन: प्रयोगयोग्य फोहोर, प्लास्टिक स्रोत, पुराना कागज वा लुगा समावेश हुने वस्तुहरू बाहेकका फोहोरहरू यस वर्गमा पर्दछन्। मुख्य रूपमा निम्न प्रकारका फोहोरहरू समावेश छन्।




## भान्साको फोहोर / जैविक फोहोर



भान्साको फोहोर तथा जैविक फोहोरहरू राम्रोसँग पानी निचोरेर मात्र फाल्नुहोस्।

## सीसाका सामग्रीहरू



*फ्लोरेसेन्ट बत्ती (ट्यूबलाइट) को हकमा, तोकिएको स्थानमा लगेर वा घरमै संकलन गराउने सेवा प्रयोग गर्नुहोस्। (पृष्ठ ७ हेर्नुहोस्)

## घरायसी सामान, माटोका भाँडाहरू, कपडा आदि



## फाल्ने तरिका र सावधानीहरू



- एक पटकको संकलनका लागि अधिकतम ३ झोला (४५ℓ) सम्म मात्र निकाल्नुहोस्।
- काटिएका हाँगा तथा झारफोहोर झोलामा जम्मा गरी तोकिएको संकलन दिनमा मात्र फाल्नुहोस्। यद्यपि, मात्रा धेरै भएमा शुल्क लाग्नेछ।



- कोठा सर्दा वा ठूलो सफाइ गर्दा अस्थायी रूपमा धेरै फोहोर निकाल्नुपरेमा, शुल्क लाग्नेछ।
  पृष्ठ ३ मा रहेको "ठूलो फोहोर संकलन" सम्बन्धी जानकारी हेर्नुहोस्।

- छाता वा कुचो जस्ता झोलामा नअटाउने वस्तुहरूलाई, एक छेउ झोलामा हाल्ने वा "अप्रयोगी वस्तु" भनेर संकेत गरी फाल्नुहोस्।



- लाइटरलाई पूरै प्रयोग गरिसकेपछि मात्र, र चुरोटको ठुटो, माचिस, पटाका जस्ता आगलागी हुन सक्ने वस्तुहरू पूरै निभाएपछि मात्र फाल्नुहोस्।
- खाने तेल जस्ता तरल पदार्थहरूलाई कागज वा कपडामा सोसाएर वा जमाएर फाल्नुहोस्।



- बाँसको काँटी, सिसाका टुक्रा, रेजर ब्लेड जस्ता धारिलो वस्तुहरूलाई बाक्लो कागजले बेरेर, झोलामा "खतरा" भनेर लेखी फाल्नुहोस्।



- कागजी डाइपरहरूलाई फोहोर हटाएर, प्लास्टिकको झोलामा राखी गन्ध बाहिर नआउने गरी फाल्नुहोस्।

*यदि छुट्याएर सङ्कलन गर्नुपर्ने फोहोर मिसिएको छ वा पारदर्शी फोहोर झोला बाहेक अन्य झोलामा निकालिएको छ भने, सचेतना स्टिकर टाँसी त्यहीँ छोडिनेछ।

## काग नेट (चराचरुंगी सुरक्षा जाली) उपलब्ध गराइन्छ



ओसाका शहरमा, कागहरूले फोहोर छरप्रष्ट पार्ने समस्या रोक्न, ओसाका नगरपालिकाले सङ्कलन गर्ने फोहोर राख्ने स्थानहरू (करिब ५ वा सोभन्दा बढी घरपरिवारले साझा रूपमा प्रयोग गर्ने ठाउँ) मा काग नेट (चराचरुंगी सुरक्षा जाली) नि:शुल्क रुपमा प्रदान गरिन्छ।

ओसाका शहर वेबसाइट "कागहरूले फोहोर छरप्रष्ट पारेर समस्या परेमा"

# घरायसी उपकरण रिसाइकल ऐन अन्तर्गत पर्ने वस्तुहरू

एयर कन्डिसन, टेलिभिजन, फ्रिज, डीप फ्रिज, वाशिङ मेशिन, कपडा सुकाउने मेशिन



घरमा अब प्रयोगमा नरहेका एयर कन्डिसन, टेलिभिजन, फ्रिज, डीप फ्रिज, वाशिङ मेशिन र कपडा सुकाउने मेशिनजस्ता घरायसी उपकरण रिसाइकल ऐन अन्तर्गत पर्ने वस्तुहरू नयाँ खरिद गर्दा वा पहिले किनेको पसल वा विक्रेता थाहा भएमा, तिनलाई नै फिर्ता दिनुपर्ने कानुनी प्रावधान छ। त्यसैले, सम्बन्धित पसल वा विक्रेता संग सम्पर्क गरी फिर्ता लिन अनुरोध गर्नुहोस्। ओसाका शहरले यी उपकरणहरूको सङ्कलन वा ढुवानी गर्दैन। यदि नयाँ खरिद नगरेको वा पहिले किनेको पसल वा विक्रेता थाहा नभएको खण्डमा, निम्न तरिकाले फोहोर व्यवस्थापन गर्न सक्नुहुन्छ।

**फाल्नुपर्ने वस्तुहरूको जाँच गर्नुहोस्**
निर्माता र उपकरणको आकार (विशेष रूपमा ठूलो वा सानो) जाँच गर्नुहोस्।

→ **हुलाक कार्यालयमा रिसाइकल शुल्क भुक्तानी गर्नुहोस्**
हुलाक कार्यालयमा उपलब्ध "घरायसी उपकरण रिसाइकल टिकट" मा आवश्यक विवरण उल्लेख गर्नुहोस् र रिसाइकल शुल्क तिर्नुहोस्। (यसका लागि अतिरिक्त हस्तान्तरण शुल्क लाग्न सक्छ।)

→ **आफैं ओसार्न सक्नुहुन्छ भने** → **तोकिएको सङ्कलन स्थान (*) मा** → फाल्नुपर्ने वस्तु र पहिले नै रिसाइकल शुल्क तिर्नुभएको 'घरायसी उपकरण रिसाइकल टिकट' लाई सँगै तोकिएको सङ्कलन स्थानमा ल्याउनुहोस्।

→ **आफैं ओसार्न नसक्ने भए** → **अनुमति प्राप्त व्यवसायी(*) लाई** → ओसाका शहरको सामान्य फोहोर सङ्कलन तथा ढुवानी सेवा अनुमति प्राप्त 'अनुमति प्राप्त व्यवसायी' लाई ढुवानीका लागि अनुरोध गर्नुहोस्।
ढुवानी शुल्क अनुमति प्राप्त व्यवसायीलाई तिर्नुहोस् र फाल्नुपर्ने वस्तु तथा पहिले नै रिसाइकल शुल्क तिर्नुभएको 'घरायसी उपकरण रिसाइकल टिकट' अनुमति प्राप्त व्यवसायीलाई सँगै दिनुहोस्।

■ मुख्य निर्माताहरूका रिसाइकल शुल्कको अनुमान (२०२४ डिसेम्बर १ हाल)

| एयर कन्डिसनर | टेलिभिजन | | फ्रिज•डीप फ्रिज | | वाशिङ मेशिन / कपडा सुकाउने मेशिन |
|---|---|---|---|---|---|
| | १५ इन्च वा त्यो भन्दा तल | १६ इन्च वा त्यो भन्दा माथि | १७० लिटर वा त्यो भन्दा तल | १७१ लिटर वा त्यो भन्दा माथि | |
| ९९० येन | १,८७० येन | २,९७० येन | ३,७४० येन | ४,७३० येन | २,५३० येन |

■ रिसाइकल शुल्क सम्बन्धी जानकारीको लागि सम्पर्क स्थान
**घरायसी उपकरण रिसाइकल टिकट केन्द्र**
0120-319640
FAX 03-3903-7551

* तोकिएको सङ्कलन स्थान र अनुमति प्राप्त व्यवसायीको बारेमा, ओसाका शहरको वेबसाइट "घरायसी उपकरण रिसाइकल ऐन अन्तर्गत पर्ने वस्तुहरू फाल्ने तरिका" हेर्नुहोस्।

ओसाका शहर वेबसाइट